निर्णयहरु:-

१. गण्डकी प्रदेश समन्वय परिषद्को सहजीकरण समितिको मिति २०७६/०७/०४ को निर्णय अनुमोदन गर्ने,

२. योजना छनौट, तर्जुमा र कार्यान्वयन गर्दा संविधानको मर्म र भावना अनुसार संघ, प्रदेश र स्थानीय तहबीच सहकारिता, समन्वय र सहअस्तित्वको सिद्धान्तमा आधारित भई गर्ने र तीनै तहबीचको संवाद र अनुभव आदान प्रदानलाई थप व्यवस्थित गर्दै निरन्तरता दिने,

३. पन्ध्रौं पञ्चवर्षीय राष्ट्रिय योजना र प्रदेशको प्रथम पञ्चवर्षीय योजनासँग तादात्म्य हुने गरी सबै स्थानीय तहले आ-आफ्नो पञ्चवर्षीय योजना र मध्यावधि खर्च संरचना बनाउने,

४. दिगो विकासका लक्ष्यहरू हासिल गर्न प्रदेश र स्थानीय तहले प्राथमिकताका आधारमा स्रोत र साधन विनियोजनको व्यवस्था गर्ने,

५. अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जारी गरेको ६१ बुँदे निर्देशन कार्यान्वयन गर्ने,

६. निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम सिद्धान्ततः संघीयताको भावना र मर्म विपरीत रहेकोले यसलाई पुनर्विचार गर्न सम्बन्धित निकायमा आवश्यक पहल गर्ने,

७. समानताको सिद्धान्तको आधारमा सबै तहका जनप्रतिनिधिलाई पारिश्रमिक र सुविधा दिन आवश्यक छ। कार्यबोझ, जिम्मेवारी र साधन स्रोत समेतका आधारमा स्थानीय तहका पदाधिकारीहरुको पारिश्रमिक र सुविधाको व्यवस्था गर्न आवश्यकता परे संविधान संशोधन समेत गर्नका लागि नेपाल सरकारलाई अनुरोध गर्ने,

८. स्थानीय तहमा कानून निर्माण र न्यायिक समितिले विवाद समाधानको काम गर्नु पर्ने भएको हुँदा प्रत्येक स्थानीय तहमा कानून अधिकृतको व्यवस्था गर्न नेपाल सरकारलाई अनुरोध गर्ने,

९. प्रदेश संचित कोषमा स्थानीय तहले दाखिला गर्नु पर्ने रकम र प्रदेशले स्थानीय संचित कोषमा दाखिला गर्नु पर्ने रकम नियमित र समयबद्ध रुपमा दाखिला गर्ने,

१०. संघबाट प्रदेश तथा स्थानीय तहलाई हस्तान्तरण भई आएका आयोजनाहरूको लागि आवश्यक स्रोतको व्यवस्थापन गर्न नेपाल सरकारलाई अनुरोध गर्ने,

११. प्रदेश तथा स्थानीय तहमा रहेको कर्मचारी अभावको समस्या समाधान गर्न संविधानको मर्म र भावना अनुरुप संघीय निजामती सेवा ऐन यथाशीघ्र जारी गर्न नेपाल सरकारलाई अनुरोध गर्ने,

१२. संघ, प्रदेश र स्थानीय तहले कार्यान्वयन गर्ने आयोजनाको वर्गीकरण गर्न नेपाल सरकारलाई अनुरोध गर्ने,

१३. मनाङ, मुस्ताङ र गोरखाको धार्चे र चुमनुब्री गाउँपालिका जस्ता हिमाली क्षेत्रमा आर्थिक वर्ष शुरु र अन्त्य हुने समय आवश्यकता अनुसार परिमार्जन गर्न नेपाल सरकारलाई अनुरोध गर्ने,

१४. साधन स्रोत सहित जिल्ला समन्वय समितिलाई अनुगमन कार्यमा आवश्यकता अनुरूप परिचालन गर्ने,

१५. प्रदेश र स्थानीय तहले विकास निर्माण कार्य सञ्चालन गर्न आवश्यक पर्ने जग्गाको भोगाधिकार यथाशीघ्र दिने गरी व्यवस्था गर्न नेपाल सरकारलाई अनुरोध गर्ने,

१६. स्थानीय तहको क्षमता अभिवृद्धिका लागि आवश्यकताको पहिचान गरी तालिम सञ्चालन गर्ने,

१७. आठौं दक्षिण एशियाली खेलकुद कार्यक्रमका आठ वटा इभेण्ट प्रदेशको राजधानी पोखरामा आयोजना गरेकोमा नेपाल सरकारलाई धन्यवाद दिने तथा ती खेल सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने प्रदेश सहजीकरण समिति र यस अन्तर्गतका उपसमितिहरू, खेल पदाधिकारीहरू, निर्णायकहरू, व्यवस्थापकहरू, खेलाडीहरू, स्वयंसेवकहरू तथा सबै प्रदेशवासीलाई धन्यवाद दिने र पदक विजेता खेलाडीहरूलाई बधाई ज्ञापन गर्ने।